# सर्लाहीका आप्रवासी कामदारले ध्यानाकर्षण गराए

सर्लाही समाचारदाता

हरिवन, मंसिर ०१ । सर्लाहीका आप्रवासी कामदार हक हित संरक्षण केन्द्रले विदेश गएका कामदारहरुको समस्याका विषयमा काठमाडौं स्थित बैदेशिक रोजगार विभाग र बैदेशिक रोजगार प्रवर्द्धन बोर्डको ध्यानाकर्षण गराएको छ ।

आप्रवासी कामदार तथा तिनका परिवारहरुको साझा संस्थाको रुपमा सर्लाहीमा गठन भएको केन्द्रले नेपाली युवाहरुले धेरै समस्या भोग्नुपरिरहेको भन्दै विभाग र बोर्डको ध्यानाकर्षण गराएको हो । विभागका निर्देशक नारायण रिमाल र बोर्डका निर्देशक टिकाप्रसाद भण्डारी समक्ष बैदेशिक रोजगारका समस्या समेटी १९ बुँदे ज्ञापन पत्र बुझाएको हो । केन्द्रका अध्यक्ष रामनाथ शाहले आफुहरुले विदेशमा भोगेका समस्याहरु भावि पिडीले भोग्न नपरोस भनी लिखित रुपमा ज्ञापन पत्र बुझाएको बताएका छन् ।

केन्द्रले बुझाएको ज्ञापन पत्रमा विदेश जानेलाई अनिवार्य सिपको व्यवस्था गर्नुपर्ने, कामदारको न्युनतम ज्याला अन्तराष्ट्रिय मापदण्ड अनुरुप हुनुपर्ने, विदेश जाँदा लाग्ने सेवाशुल्क शुन्यमा झार्नुपर्ने, मेडिकल फेल भई फर्कने कामदारले क्षतिपुर्तिका लागि दिनुपर्ने निवेदनको ३५ दिने हदम्याद हटाउनु पर्ने लगायत माग रहेको छ ।

यसैगरी म्यानपावरलाई रकम बुझाउदाँ भरपाई दिनुपर्ने व्यवस्था कार्यन्वयन हुनुपर्ने, विभागको सेवालाई केन्द्रमा नभई जिल्लामा विकेन्द्रित गर्नुपर्ने, विदेशमा मृत्यु भएका कामदारको परिवारले राहत लिन बोर्डमा जहिले पनि आवेदन दिन पाउनु पर्ने लगाएतका माग केन्द्रले ज्ञापन पत्रमा समेटेको छ ।

ज्ञापन पत्र बुझदै विभागका निर्देशक रिमालले कामदारका वास्तविक समस्या केन्द्रले उजागर गरेको भन्दै विभागले त्यसलाई गम्भीरताका साथ लिएको बताएको टोलीमा सहभागित सहयोगि समाज नेपाल हरिवनका कार्यक्रम संयोजक अरविन्द ठाकुरले बताए ।

शनिवार राजधानी पुगेको केन्द्रको टोलीले विभाग र बोर्डसँगै आप्रवासनको क्षेत्रमा काम गर्ने पौरखी, पिएनसिसि, पिपुल फोरम लगाएतका संघसंस्थामा पुगी बैदेशिक रोजगारका विषयमा जानकारी लिएको थियो । केन्द्रलाई सामी परियोजनाको सहयोगमा सहयोगी समाज नेपालले अवलोकन भ्रमण गराएको हो ।